म यो झण्डा त्यसलाई दिनेछु जसले अल्लाह र उहाँका रसूललाई माया गर्छ र अल्लाहले उसको हातमा विजय प्रदान गर्नु हुनेछ।

अबू हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन् : अल्लाहका रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले खैबरको दिन भन्नुभयो: "म यो झण्डा त्यसलाई दिनेछु जसले अल्लाह र उहाँका रसूललाई माया गर्छ र अल्लाहले उसको हातमा विजय प्रदान गर्नु हुनेछ।" उमर (रजियल्लाहु अन्हु) ले भने: मैले त्यो दिन बाहेक कहिल्यै पदको चाहना गरेको छैन। उनले थपे: मलाई बोलाइनेछ भन्ने आशामा मैले टाउको उठाएँ। उनी अझै भन्छन्: तर, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले अली इब्न अबी तालिबलाई बोलाउनुभयो, उनलाई झण्डा दिनुभयो र भन्नुभयो: "जाऊ, अल्लाहले तिमीलाई विजय नदिउन्जेल पछाडि नहेर।" उमर (रजियल्लाहु अन्हु) भन्छन्: अली (रजियल्लाहु अन्हु) अलि टाढा गए, त्यसपछि रोकिए, पछाडि नफर्केर ठूलो स्वरमा कराए: हे अल्लाहका रसूल! म मानिसहरूसँग के कुरामा लड्नु पर्छ? उहाँले भन्नुभयो: "अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् भनेर साक्षी नदिएसम्म युद्ध गर।" यदि तिनीहरूले त्यसो गर्छन् भने, तिनीहरूले आफ्नो ज्यान र सम्पत्ति तिमीहरूबाट जोगाए। हो, यदि तिनीहरूको कुनै अधिकार छ भने, त्यो फरक कुरा हो। तिनीहरूको हिसाब अल्लाहसँग हुनेछ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सहाबीहरूलाई बताउनु भयो, भोलि खैबरका यहूदीहरू माथि मुस्लिमहरू विजय पाउने छन्, जो मदीना नजिकै थियो । यो विजय एक जना मानिसको हातमा हुनेछ जसलाई उहाँले झण्डा दिनुहुनेछ, जुन सेनाको झण्डा हो। यस मानिसको एउटा विशेषता यो हुनेछ, उसले अल्लाह र उनका रसूललाई माया गर्छ र अल्लाह र उनका रसूलले पनि उसलाई माया गर्छन्। उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) बताउँछन्, त्यो एक दिन बाहेक कहिल्यै पदको चाहना गरेको छैन। उहाँको हृदयमा बोलाइने इच्छा जागृत भयो, यस आशामा कि उनलाई अल्लाह र उहाँको रसूलको प्रेमले आशीर्वाद मिल्नेछ जुन पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले वर्णन गर्नुभएको थियो। उनले आफ्नो शरीर तन्काए र आफ्नो उचाइ अलिकति बढाउन थाले ताकि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई देख्न सकून् र उनले झन्डा प्राप्त गर्न सकून्। यद्यपि, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अली बिन अबू तालिब (रजियल्लाहु अन्हु) लाई बोलाउनु भयो र उहाँलाई झण्डा दिनु भयो । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई झण्डा दिनुभयो र सेनासँगै मार्च गर्न र शत्रुसँग युद्ध गरेपछि किल्लाहरू नजितेसम्म राहत वा शान्तिको खोजीमा युद्ध नत्याग्न आदेश दिनुभयो। त्यसैले अली (रजियल्लाहु अन्हु) निस्कनुभयो। एक पटक रोकिए पनि, नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आदेशको अवज्ञा गर्नबाट बच्न उनी पछाडि फर्केनन्। उनी खैबरतिर फर्किए र ठूलो स्वरमा सोधे: "हे अल्लाहका रसूल! म मानिसहरूसँग केको लागि लड्नु पर्छ?" अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जवाफ दिनुभयो: जबसम्म उनीहरूले अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् साक्षी दिँदैनन् तबसम्म उनीहरूसँग लड। यदि तिनीहरूले तपाईंको निमन्त्रणा स्वीकार गर्छन् र इस्लाम धर्म अँगाल्छन् भने, तिनीहरूले आफ्नो रगत र सम्पत्ति तपाईंबाट सुरक्षित राखेका छन्। हो, यदि कुनै अपराध गरे भने इस्लामको नियम अनुसार उनीहरूलाई मृत्युको सजाय भए यो बेग्लै कुरा हो। बाँकी उनीहरूको हिसाब अल्लाहको

http://sunnah.global/hadeeth/ne/show/4958